# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

काहुले नुवाकोट

बागमती प्रदेश

**२०८३/०८४ को लागि नदिजन्य सामाग्रीहरुको संकलन तथा विक्रि कर र कवाडी लगायतका अन्य सामाग्रीको निकासी कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धि बोलपत्र आह्वानको सूचना ।**

**पहिलो पटक सूचना प्रकाशित मिति २०८३/०४/२५**

किस्पाङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय नुवाकोटले स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को उपदफा २ को (घ) ६, सार्वजनिक खरिद ऐन तथा नियमावली, मिति २०७९/०२/०६ को नेपाल सरकार मन्त्री परिषदको बैठकबाट स्विकृत ढुंगा, गिट्टि, बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७,ढुंगा, गिट्टि, बालुवा, उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धि (पहिलो ) संसोधन मापदण्ड २०७९,बागमती प्रदेश आर्थिक ऐन २०८३, किस्पाङ गाउँ कार्यपालिकाको मिति २०८३/०४/१४ को निर्णय, किस्पाङ गाउँपालिका राजश्व परामर्श समितिको मिति २०८३/०४/१३ को निर्णय बमोजिम आ.व. ०८३/८४ को लागि किस्पाङ गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सलाखु र त्रिशुली नदीको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित क्षेत्रहरुबाट उत्खनित देहायका परिमाणको ढुंगा , गिट्टी , बालुवा,ग्राभेल,रोडा, चिप्स आदीमा लाग्ने संकलन तथा विक्रि कर र अन्य कवाडी सामान लगायत निर्यातजन्य बस्तुहरुमा लाग्ने निकासी कर समेत असुली सम्बन्धि कार्य गर्नको लागी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्मले यो सूचना प्रकाशित मितिले २२दिन भित्र नविकरण भएको इजाजत पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, २०८१/०८२ को कर चुक्ता, सहित बोलपत्र फारम भरी २२औं (मिति:२०८३/०५/१५) दिनको १२:०० बजे भित्र आफुले कबोल गरेको अंक(मु.अ.कर सहित)को ५ प्रतिशत धरौटी रकम सानिमा बैंक,किस्पाङ शाखामा रहेको स्थानीय तह धरौटी खाता ०५९०१००२००००१५ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) श्रेणीका बाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको सक्कलै बैंक ग्यारेन्टी (Bid Bond) संलग्न राखि सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal WWW.bolpatra.gov.np मार्फत ई बिड पेश गर्न सकिने छ । रितपुर्वक पर्न आएका बोलपत्रहरु २२ औं दिन (मिति:२०८३/०५/१५) दिनको १२:१५ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस किस्पाङ गाउँपालिकाको कार्यालयमा खोलिनेछ। वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्विकृत गर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।पारित भएका करका दररेट बोलपत्र फारम साथ उपलब्ध गराइनेछ र अन्य बिस्तृत जानकारीका लागि यस कार्यालयको आन्तरिक आय शाखामा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | विवरण | उत्खनन् परिमाण(क्यु फिट) | दर(मु.अ.कर बाहेक)रु. | कुल न्युनतम अंक (सेवा शुल्क र मु.अ.कर बाहेक )रु. | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| 01/KRM/ Internal Revenue /2083/084 | १.नुवाकोट जिल्ला किस्पाङ गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेको सलाखु र त्रिशुली नदी किनार क्षेत्रबाट उत्खनन् हुने ढुंगा, गिट्टि, बालुवा, ग्राभेल, रोडा, चिप्स आदीमा कर संकलन गर्ने । | १६,०१,२४७.९६ क्युविक फिट | रु. ७। प्रति क्युविक फिट | १,१२,०८,७३५।७२ | मु.अ.कर सहितको कबोल अंकको ५ प्रतिशत | |
| | २.कबाडी तथा अन्य बस्तुमा निकासी कर रु.<br>क.खाली सिसी(वियर)प्रति मिनी ट्रक रु.१०००<br>ख. खाली सिसी(मदिरा र अन्य) प्रति मिनी ट्रक रु.१०००<br>ग.प्लास्टिक(बोटल),भाँडाकुडा,पुराना,जुत्ता,चप्पल, ग्यालिन, र जर्किन प्रति मिनी ट्रक रु.१०००<br>घ.खाली बोरा(प्लास्टिकको बोरा) प्रति मिनी ट्रक रु.१०००<br>ङ.जुटको बोरा प्रति मिनी ट्रक रु.१०००<br>च.झिन्डु(प्राकृतिक र कृत्रिम उनका टुक्रा) प्रति मिनी ट्रक रु.२०००<br>छ.पुरानोटिन.ड्रम,फलाम,पित्तल,तामा,पुराना कागज,पत्रिका,पोलिथिन पाइपका टुकाहरु प्रति मिनी ट्रक रु.२००० | | | १,००,०००। | | |
| | | | जम्मा | १,१३,०८,७३५।७२ | | |

किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय काहुले,नुवाकोट बागमती प्रदेश,नेपाल २०७३

केदार प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

शर्तहरुः

१. गाउँपालिकाबाट स्विकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन(IEE)मा तोकिएको स्थालहरुबाट मात्र संकलन उत्खनन गर्नुपर्नेछ ।

२. सूचना प्रकाशित भएको मितिले २२ औं दिनको १२:०० बजेसम्म E-Bidding मार्फत सार्वजानिक खरिद अनुगमन कार्यालयको Website Centralize EGP Portal WWW.bolpatra.gov.np मा Annex to Bidding data sheet for Provision of E-Bedding मा सबै कागजातहरु Scan गरि PDF format, मा बोलपत्र पेश गर्न सकिने छ।प्री बिड बैठक यो सूचना प्रकाशित भएको मितिले १२ औं दिन (मितिः २०८३/०५/०५) दिनको १:०० बजे किस्पाङ गाउँपालिकाको कार्यालयमा हुनेछ।

३. नेपाल सरकार, बागमति प्रदेश सरकार र किस्पाङ गाउँपालिकाले समय समयमा दिएको निर्देशन बोलपत्रदाताले पालन गर्नु पर्नेछ।

४. निर्माण व्यावसायी र गाउँपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ। यसमा निर्माण व्यावसायीको कूनै उजुर लाग्ने छैन। बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसार शर्त तथा बन्देज समेत पालन गर्नु पर्नेछ ।

५. फर्मले कबोल गरेको अंक( मू.अ.कर समेत) दाखिला गर्दा सम्झौता बखत ५० प्रतिशत (मु.अ. कर समेत) अनिवार्य बुझाउनुपर्नेछ र बाँकी हुने ५० प्रतिशत (मु.अ. कर समेत), रकमको नेपाल रास्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट जारि गरिएको २०८४ श्रावन मसान्त सम्म अवधि भएको बैंक जमानत पेश गर्नुपर्नेछ।उक्त बाँकी ५० प्रतिशत रकम मध्ये ३० प्रतिशत (मु.अ. कर समेत) पौष मसान्त र बाँकी २० प्रतिशत (मु.अ. कर समेत) चैत्र मसान्त सम्ममा दाखिला गर्नु पर्नेछ । आय कर तथा अन्य कर शुल्क बोलपत्रदाता आफैले प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई छुटै दाखिला गर्नु पर्नेछ।

६. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको बोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

७. परिस्थितिजन्य कारण देखाई ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

८. खोला वरपरका प्रत्यक्ष प्रभावित नागारिकहरुले निर्माण गर्ने घर/ गोठको लागि नदी किनारबाट मानिस आफैले उत्खनन् गरी सिधै उपभोग गर्ने निर्माणमुखि बस्तुहरुमा कुनै पनि कर लिन पाइने छैन।

९. IEE ले निर्दिष्ट गरेको भौगोलिक अवस्थिती GPS Point ले देखाएको अक्षांश र देशान्तरले निर्दिष्ट गरेको तथा हाल स्थलगत दुबै अवस्थालाई आधार मानि कायम क्षेत्रमा मात्र उत्खनन् एवं संकलनको कार्य गर्नु पर्नेछ ।

१०. नदिजन्य पर्दाथको उत्खनन् / संकलन क्षेत्रको नक्सा ,दर रेट, परिमाण र अन्य जानकारी सहितको Hoarding Board खोला तथा नदिको स्वीकृत क्षेत्रमा राखु पर्नेछ । तर राजमार्ग वा सहायक राजमार्गमा यातायात अवरुद्ध हुने गरि कुनै काम गर्न / गराउन पाईने छैन ।

११. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नु पर्नेछ । अन्य कुनै फर्म वा कम्पनीको नामबाट पेश गरेको बोलपत्र मूंल्याकनमा समावेश गरिने छैन।

१२. ठेक्का अवधि किस्पाङ गाउँपालिका संग सम्झौता भएदेखि २०८४ असाढ मसान्त सम्म रहनेछ ।

१३. नदिजन्य पदार्थको उत्खनन् ,संकलन एंव ढुवानी गर्दा खटिएको कार्यलयका सम्बन्धित प्राविधिक तथा अन्य कर्मचारीहरुको निर्देशन पालना गर्नुपर्नेछ ।

१४. यस गाउँपालिकाका नदिहरुको उत्खनन क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन तथा नियमावली, ढुंगा, गिट्टि, बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७, ढुंगा, गिट्टि, बालुवा, उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धि (पहिलो) संसोधन मापदण्ड २०७९,यस गाउँपालिकाबाट जारि भएका कानुन,प्रदेश कानुन तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।साथै गाउँपालिकाबाट स्विकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

१५. सूचनामा उल्लेख भएका कुनै कुराहरु प्रचलित कानून संग बाझिन गएमा प्रचलित कानुन बमोजिम हुनेछ ।यसमा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय काहुले,नुवाकोट बागमती प्रदेश,नेपाल २००३

केदार प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत